# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।१४ गते।

# प्रेस विज्ञप्ति

**विषय: <u>नलिन्चोक हेलिपोर्ट निर्माणमा सार्बजनिक सम्पत्तिको हानि नोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दामा भएको बेरीतको आदेश बदर गरी प्रतिवादीहरूलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित सर्वोच्च अदालतमा निवेदन गरिएको।</u>**

प्रतिवादीहरू तत्कालीन निर्देशक मुरारी भण्डारी र उप-प्रवन्धक नल विक्रम थापाले नलिन्चोकमा नयाँ हेलिपोर्टको सम्भाव्यता अध्ययन नगरी अन्य प्रतिवादीहरूसँगको गैरकानूनी स्वार्थ पूरा गर्ने मिलेमतोमा भौगोलिक, वातवरणीय, व्यवस्थापकीय सबै दृष्टिकोणबाट उक्त लगानी हानिनोक्सानी दुरुपयोग हुने कुराको पहिले देखि नै राम्रै हेक्का जानकारी निजहरुलाई हुँदा हुँदै नलिन्चोक हेलिपोर्ट निर्माणको उद्देश्य अनुरुपको प्रयोग प्रचलनमा आउन नसक्ने गरी निर्माण कार्य गरी गराई जम्मा रु.१३,५७,४६,२१३।७७ (तेह्र करोड सन्ताउन्न लाख छयालीस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा मात्र) बराबर रकम राष्ट्रसेवक प्रतिवादी मुरारी भण्डारी र उप-प्रवन्धक नल विक्रम थापा समेतले आफ्नो पद ओहोदाको दुरुपयोग गरी आफ्नो जिम्मामा रहेको नेपाल सरकार/नेपाल नागरिक उड्डयन प्राधिकरण/सार्वजनिक संस्थाको सरकारी सार्वजनिक सम्पत्तीको हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य मिसिल सम्लग्न एवं सवूद प्रमाणबाट स्थापित भएकोले निज प्रतिवादीहरू मुरारी भण्डारी र नल बिक्रम थापाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्य भएको हुँदा निज प्रतिवादीहरूलाई जनही बिगो रु.१३,५७,४६,२१३।७७ (तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा मात्र) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन मागदावी लिई विशेष अदालतमा मिति २०८२।०८।१७ मा आरोपपत्र (मुद्दा नं.०८२-CR-००४७) दायर गरिएकोमा विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरू मध्येका मुरारी भण्डारीलाई जम्मा रु.५,००,०००।- धरौटी लिई मिति २०८२।०८।२१ गते र प्रतिवादी नल विक्रम थापालाई मिति २०८२।१०।१२ गते जम्मा रु.२,५०,०००।- धरौटी लिई मुद्दाको पुर्पक्ष गर्ने गरी थुनछेक आदेश भएकोमा उक्त आदेशहरु निम्न लिखित आधार र कारणबाट बेरीतको देखिंदा प्रतिवादीहरू तत्कालीन निर्देशक मुरारी भण्डारी र उप-प्रवन्धक नल विक्रम थापालाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को परिच्छेद ७ अन्तर्गतको दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम सम्मानित सर्वोच्च अदालत समक्ष मिति २०८२।१०।१४ मा निवेदनपत्र दर्ता गरिएको छ।

**निम्न:**

(क) नेपालमा संचालित हेलिकप्टरहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नै संचालन भएको देखिएको। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मास्टर प्लानमा Kathmandu Tribhuvan International Airport Air Transport Project Preparatory Consultancy (ATPPC) Master Plan Report 14 March 2016 मा हेलिकप्टरहरुलाई नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा रहेको भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिका वडा नं. ९ र १० (नलिन्चोक) स्थित ३० रोपनी जग्गामा स्थानान्तरण गर्ने विषय कहि कतै उल्लेख भएको देखिदैन भने स्थानान्तरण गर्नुपर्ने आवश्यकता समेत पहिचान गर्ने एवं कार्यक्रम तथा बजेट स्वीकृत वा अनुमोदित भएको अवस्था देखिदैन। सोही Master Plan Report को Page १४ को ३.२ Airport Layout Plan Elaboration अन्तर्गतको 3.2.1 Functional Zoning मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल को पूर्व तर्फबाट नै हेलिकप्टर सञ्चालन गर्ने गरी हेलिप्याडको डिजाइन प्रस्ताव गरेको देखिएको। नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २(ख) मा विमानस्थल भन्नाले वायुयान प्रस्थान वा अवतरण गर्ने कामको निमित्त पूरा वा आंशिक रुपमा प्रयोग हुने कुनै निश्चित वा सीमित जल वा स्थल क्षेत्र सम्झनु पर्छ र सो शब्दले त्यस क्षेत्रमा रहेका वा त्यस क्षेत्रसँग सम्बन्धित सबै भवन, टहरा, जहाज, डुङ्गा र घाटलाई समेत जनाउँछ भन्ने उल्लेख रहेको र सोही ऐनको दफा २ (घ) मा वायुयान भन्नाले हावाको प्रक्रियाद्वारा वायुमण्डलमा आधारित हुन सक्ने जुनसुकै यन्त्र सम्झनु पर्छ र सो शब्दले जमिनसित गाँसिएको वा नगासिँएको बेलुन, हवाई जहाज, हेलिकोप्टर, चङ्गा, ग्लाइडर, ह्याङ्ग ग्लाइडर, माइक्रोलाइट, बेलुन र उड्ने अन्य जुनसुकै यन्त्रलाई समेत जनाउँछ भन्ने उल्लेख रहेकोबाट हेलिकोप्टर प्रस्थान वा अवतरण गर्ने हेलिपोर्ट समेतलाई विमानस्थल नै भनी परिभाषित गरेको देखिएको। हेलिपोर्ट निर्माण पूर्व नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ६ (क) मा विमानस्थलको निर्माण, पुनः निर्माण, विकास, विस्तार तथा मर्मत सम्भार गर्ने र यसरी नयाँ विमानस्थल निर्माण गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ भन्ने व्यवस्था गरेको देखिएको। त्यसै गरि विमानस्थलको निर्माण, पुनः निर्माण, विकास तथा विस्तार गर्दा वातावरणीय प्रभावको मूल्याङ्कन (EIA) गराई सम्बन्धित निकायको पूर्व स्वीकृति समेत लिनु पर्नेछ भन्ने व्यवस्था वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३ सँग सम्बन्धित अनुसूची ३ (छ) मा बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिदा नलिन्चोकमा निर्माण गर्न शुरु गरिएको कार्य विमानस्थल सरहको आवश्यक शर्तहरु पुरा भएको हेलिपोर्ट रहेको तथ्यमा स्पष्टै देखिएको।

(ख) भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिका वडा नं. ९ र १० (नलिन्चोक) स्थित रहेको हेलिपोर्ट विमानस्थल नै रहेको भन्ने तथ्य ICAO Annex 14. Vol.II मा Heliport - "An aerodrome or a defined area on a structure intended to be used wholly or in part for the arrival, departure and surface movement of helicopters" उल्लेख गरी हेलिपोर्टलाई परिभाषित गरेको समेत देखिएको। नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ६ (क) मा भएको व्यवस्था तथा ICAO Annex 14 मा भएको व्यवस्था समेतको आधारलाई हेर्दा हेलिपोर्ट छुट्टै किसिमको संरचना नरही सो समेत हेलिकप्टरको उडान अवतरण लगायतका कार्यका लागि निर्माण गरीने विमानस्थल नै रहेको स्पष्ट देखिएको। सबै हेलिपोर्टहरु विमानस्थल नै रहेको अवस्थामा समेत क्षेत्रफल, क्षमता, आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधन लगायतका विभिन्न तत्वका आधारमा हेलिपोर्ट र विमानस्थल फरक किसिमका हुने भन्ने तथ्य एवं भाष्य नै

गलत हुन जाने देखिएको। साथै नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को व्यवस्था, समानान्तर रुपमा एक भन्दा बढी हेलिकप्टरहरु उडान तथा अवतरण हुने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणबाट भएको नलिन्चोक हेलिपोर्टको डि.पि.आर(DPR) तयारी सम्बन्धी कागजात तथा नलिन्चोक हेलिपोर्ट निर्माण सम्बन्धी ठेक्का सम्झौता, नलिन्चोक हेलिपोर्ट सञ्चालनका क्रममा ए.आइ.पि (AIP) मा गरिएका प्रकाशन तथा हेलि रुटका तयारीहरु, नलिन्चोक निर्माणका क्रममा भएका निर्णयहरु, नलिन्चोकमा हाल निर्माण गरिएका र भविष्यमा निर्माण गर्न लागिएका संरचनाका तयारीहरु तथा विभिन्न हेलिकप्टर कम्पनीका पाइलट तथा विज्ञहरुको कागज समेतवाट नलिन्चोक हेलिपोर्ट/विमानस्थल नै निर्माण गर्ने कार्य गरेको तथ्य पुष्टि भएको छ। Helipad शब्द ICAO Related documents मा कही कतै परिभाषित गरिएको शब्द नरहेकोबाट यो Non-ICAO Term रहेको देखिएको। हेलिकप्टरको उडान तथा अवतरणलाई सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन स्थानीय निकायवाट हेलिप्याडको निर्माण, मर्मत तथा सञ्चालन प्रयोजनको लागि जमिनको सतहमा हेलिप्याड निर्माण तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ जारी गरेको देखिएको भने Requirement for the operations of Hospital Helipads, July 2016 बमोजिम उल्लिखित H चिन्ह अंकित कडा सतह जहाँ हावाको दिशा देखाउने एउटा windsock भई कम्तिमा दुई दिशावाट अवरोध रहित Approach/Take off Path हुनु पर्ने उल्लेख रहेको देखिएको। तर नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ र नेपाल नागरिक उड्डयन नियमावली, २०५८ मा कहि कतै हेलिप्याड शब्दको प्रयोग भएको देखिँदैन र हेलिपोर्टको प्रयोग हेलिकप्टरको नियमित (सेड्युल) व्यवसायिक हवाई सेवा (यात्रु वा कार्गो) संचालन तथा नियमनको लागि मात्र गरेको देखिएको। ICAO Annex मा उल्लिखित कार्यविधिहरु समेतले Helipad मात्रको निर्माण प्राधिकरण वाहेक स्थानीय निकाय, अस्पतालहरुको मात्र हुने तर ICAO Annex 14, Vol II (Heliport) को प्रावधान बमोजिम Obstacle Limitation भएको हुनु पर्ने प्रावधान गरेको देखिएवाट नेपाल नागरिक उड्डयन प्राधिकरणका राष्ट्रसेवक प्रतिवादीहरूले अन्य प्रतिवादीहरूसँगको मिलेमतोमा नलिन्चोकमा हेलिपोर्ट नै निर्माण गर्न लागिएको तथ्य स्थापित भएको छ। Dictionary of Aviation, २nd Edition, David Crocker, A& C Black, London मा उल्लिखित शब्दार्थ बमोजिम Helipad – An area where helicopters take off and Land र Heliport: - An airport designated for helicopters भन्ने रहेको छ। यसै गरी Annex 14 Volume II मा Heliport - "An aerodrome or a defined area on a structure intended to be used wholly or in part for the arrival, departure and surface movement of helicopters". भनी उल्लेख भएको देखिएको। अर्थात हेलिपोर्ट एक किसिमको बिमानस्थल नै हो र यस भित्र एक वा एक भन्दा बढी हेलिप्याड हुन सक्छन, हेलिपोर्टमा सबै आवश्यक उपकरणहरु, टर्मिनल भवन, ब्यागेज ह्यानड्लिङ्ग प्रणाली, टावरमा सिधै सम्पर्क गर्ने व्यवस्थाका साथै ICAO Annex 14, Vol II (Heliport) को प्रावधान बमोजिम Obstacle Limitation समेतमा ध्यान दिई निर्माण गरिएको हुन्छ। हेलिपोर्टवाट Take off भइ अर्को हेलिपोर्ट जाने वाहेक अन्य स्थानमा मापदण्ड बमोजिम कडा सतह र हावाको दिशा देखाउने यन्त्र भएको अवस्था जस्तै अस्पतालको हेलिप्याड, स्थानीय निकाय, व्यावसायिक स्थल, पर्यटक स्थलमा मापदण्ड बमोजिम तयार भएको हेलिप्याडमा अवतरण वा Emergency Rescue Operation को लागि हेलिप्याड बनाइन्छ। प्रायः सबै हेलिकप्टरको बेस स्टेसन हेलिपोर्ट वा कुनै नागरिक विमानस्थल नै हुने गर्दछ। नेपाल नागरिक उड्डयन

प्राधिकरण ऐन, २०५३ र नेपाल नागरिक उड्डयन नियमावली, २०५८ मा नेपाल नागरिक उड्डयन प्राधिकरणले हेलिप्याड सम्बन्धी निर्माण गर्ने प्रावधान नरहेको भए तापनि हेलिकप्टर सञ्चालनको लागि ICAO Standard बमोजिम व्यवस्था सहित हेलिपोर्ट निर्माण तथा सञ्चालन गर्न सक्ने रहेको देखिएको। साथै आवश्यकता अनुसार निजि होटेल, अस्पताल तथा स्थानीय निकाय र रेस्क्यु अपिरेसनका लागि हेलिप्याड बनाउन सक्ने गरी विभिन्न निर्देशिकाहरु जारी भएको समेत देखिएवाट समेत नलिन्चोकमा हेलिपोर्ट नै निर्माण गरेकोमा माथि विवेचना गरिए बमोजिम प्रचलित कानूनको पालना नगरी बनाएकोले उक्त हेलिपोर्टमा आवश्यक पूर्वाधार निर्माण हुन नसकि सार्वजनिक सम्पत्तिको हानिनोक्सानी दुरुपयोग भएको तथ्य स्थापित भएको देखिदा उक्त कार्यमा संलग्न निज प्रतिवादी मुरारी भण्डारी र नलविक्रम थापालाई तत्काल प्राप्त प्रमाणको आधारमा विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा विशेष अदालतवाट सो प्रमाणको मुल्यांकन / विश्लेषण नगरी निज प्रतिवादी मुरारी भण्डारीको हकमा रु. ५,००,०००।— र प्रतिवादी नलबिक्रम थापाको हकमा रु.२,५०,०००।- मात्र धरौटी वा जमानत माग गरि भएको आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

(ग) नेपाल नागरिक उड्डयन प्राधिकरणबाट प्रकाशित CAAN Report 2024 को पेज २२ मा समेत Airport Status मा अन्तर्राष्ट्रिय विमानस्थलहरुमा तीन वटा विमानस्थल (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल) उल्लेख भएको र हेलिपोर्टमा नलिन्चोक भनी उल्लेख भएको देखिएको। नेपाल नागरिक उड्डयन प्राधिरकणबाट जारी निर्देशिका तथा एआइपीमा प्रकाशन भएको एरोड्रोम/हेलिपोर्ट चार्जेज हेर्दा कुनै एक हेलिपोर्ट/विमानस्थलमा अवतरण, पार्किङ्ग लगायतका चार्जेज भुक्तानी गर्नुपर्ने रकम स्पष्ट उल्लेख भएको देखिएको। हाल हेलिकप्टरहरु नलिन्चोक हेलिपोर्टबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको हेलिप्याडमा अवतरण, पार्किङ्ग लगायतका कार्यहरु गर्दा वा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नलिन्चोक हेलिपोर्टमा अवतरण, पार्किङ्ग लगायतका कार्यहरु गर्दा छुट्टाछुट्टै चार्ज भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोबाट एवं सेप्टेम्बर २०२४ मा गरिएको Surveillance Audit/Inspection of Tribhuvan International Airport मा समेत नलिन्चोक हेलिपोर्टलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अङ्गको रुपमा स्वीकार नगरेकोबाट समेत नलिन्चोक हेलिपोर्ट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अङ्गको रुपमा नरही छुट्टै विमानस्थल/हेलिपोर्ट रहेको देखिएको। साथै डि.पि.आर(DPR) तयार गर्दा, बोलपत्र आव्हान गर्दा, बजेट व्यवस्थापन गर्दा, गुरुयोजना तयार गर्दा, ढलान कार्य सम्पन्न लगायतको सम्पूर्ण कार्य गर्दा नलिन्चोक हेलिपोर्टलाई छुट्टै विमानस्थल/हेलिपोर्टको रुपमा कार्य गरे गराएको देखिएकोमा नलिन्चोक हेलिपोर्ट छुट्टै विमानस्थल/हेलिपोर्ट हो भन्नेमा विवाद गर्नुपर्ने अवस्था नदेखिएकोले विमानस्थल/हेलिपोर्ट जस्ता दीर्घकालिन भौतिक संरचना निर्माण गर्ने कार्यमा यि प्रतिवादी मुरारी भण्डारी समेतले सार्वजनिक खरिद ऐन, २०६३, सोको नियमावली २०६४, र नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ समेतको विपरित गई बदनियतपुर्ण मिलेमतोबाट नेपाल सरकार नेपाल नागरिक उड्डयन प्राधिकरणलाइ प्रत्यक्ष हानी नोक्सानी हुने गरि भ्रष्टाचारजन्य कसूरमा संलग्न यी प्रतिवादीहरूलाई तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने प्रतिवादी मध्येका

मुरारी भण्डारीको हकमा तजविजी रुपमा रु. ५,००,०००।— र प्रतिवादी नलबिक्रम थापाको हकमा रु.२,५०,०००।- मात्र धरौटी वा जमानत माग गरि भएको आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

(घ) प्रस्तुत मुद्दामा नेपाल नागरिक उड्डयन प्राधिकरणमा तत्कालिन निर्देशक पदमा कार्यरत रहेका यी प्रतिवादी मुरारी भण्डारीको हकमा हेर्दा यि प्रतिवादीले बदनियत पुर्वक हेलिपोर्ट निर्माण सम्वन्धी उपर्युक्त कानूनी प्रावधानहरुको अवज्ञा गरी नलिन्चोकमा हेलिपोर्ट निर्माणको खरिद प्रक्रियाको लागी नेपाल नागरिक उड्डयन प्राधिकरणकी इन्जिनियर सम्बृद्धि श्रेष्ठले "त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हेलिकप्टरहरुलाई नलिन्चोकमा relocate गर्न अपरिहार्य रहेको भनि नेपाल नागरिक उड्डयन प्राधिकरणमा विभिन्न मिटिङ्ग तथा छलफलमा प्रसङ्ग उठिरहेको परिप्रेक्षमा उक्त स्थानमा नयाँ हेलिपोर्टको सम्भाव्यता अध्ययन गरी अगाडि बढ्न सकिने व्यहोरा अनुरोध गर्दै मिति २०७८।०८।०८ गते टिप्पणी पेश गरेको देखिएको। सो टिप्पणीमा सोही प्राधिकरणको निर्देशक यि प्रतिवादी मुरारी भण्डारीले "त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई यातायात क्षमता अभिबृद्धि आयोजनाबाट HANGER APRON निर्माण कार्यको लागि प्रकृया अगाडी बढेकाले र उक्त निर्माण कार्यको लागि Site cleraence गर्नको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पुर्वतर्फ Heliport स्थानान्तरण गर्नुपर्ने देखिएको व्यहोरा उल्लेख गर्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्राधिकरणको नजिक रहेको नलिन्चोकको जग्गा उपयोग बिहिन रहेको, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गुरुयोजना बमोजिम निर्माण कार्य नरोकिने र Highway सँग समेत नजिक रहेको जोडिएको कारणले HELIPORT निर्माणको सम्भाव्यता अध्ययन गरी संभाव्य देखिएमा आगामी आ.ब.मा बहुबर्षिय कार्यक्रममा रुपमा बजेट व्यवस्था गर्ने गरी कारवाही अगाडी बढाउन मनासिव देखि स्विकृतार्थ पेश गरेको छु भन्ने राय सहितको व्यहोरा उल्लेख गरि सो टिप्पणी प्राधिकरणका महानिर्देशक समक्ष पेश गरेको देखिएको। सो टिप्पणीमा नेपाल नागरिक उड्डयन प्राधिकरण तत्कालिन महानिर्देशक राजकुमार क्षेत्रीले "संभाव्य देखिएमा मात्र प्रक्रिया अगाडी बढाउने गरी स्वीकृत" भन्ने व्यहोरा उल्लेख गरी मिति २०७८/०८/०८ गते टिप्पणी स्वीकृत गरेको देखिएको। यसरी तत्कालिन महानिर्देशक राजकुमार क्षेत्रीबाट संभाव्य देखिएमा मात्र प्रक्रिया अगाडी बढाउने गरी टिप्पणी स्वीकृत गरेको अवस्थामा यी प्रतिवादी मुरारी भण्डारी समेतले उक्त टिप्पणी आदेश अनुसार संभाव्यता अध्ययनको लागि प्रक्रिया अगाडी बढाउनु पर्नेमा सो अनुसारको संभाव्यता अध्ययन, वातावरणीय प्रभावको मूल्याङ्कन (EIA), नेपाल सरकारको पूर्व स्वीकृति लिने समेतका कार्य नगरि नगराई नलिन्चोकमा हेलिपोर्ट निर्माण खरिद प्रक्रियाको वारेमा तत्कालिन महानिर्देशक प्रेमनाथ ठाकुरलाई समेत जानकारी नै नगरी नगराइ यि प्रतिवादी मुरारी भण्डारी समेतले मिति २०७८।०८।२२ गते नलिन्चोक हेलिपोर्टको डि.पि.आर (DPR) तयार गर्नका लागि Tems of Reference (ToR), Request for Proposal (RFP) र लागत अनुमान (रु.८,०२,४४१।२५ मात्र) समेत तयार गरी गराई डि.पि.आर.तयार गर्ने अन्तिम निर्णय आफैले गरेको तथ्य माथी उल्लेखित मिशिल संलग्न यि प्रतिवादीहरूले गरेको टिप्पणी आदेश, निर्णय समेतका लिखित प्रमाणहरुवाट पुष्टि भई रहेको देखिँदा देखिँदै उक्त तथ्य एवं प्रमाणहरुको विश्लेषण नगरी सो हेलिपोर्ट निर्माणको शुरु चरण देखि नै बदनियतपूर्वक संलग्न रहेका यि प्रतिवादी मुरारी भण्डारीलाई निजले प्राधिकरणलाई हानी नोक्सानी

पुर्याएको मागदावी गरिएको विगोको तुलनामा अत्यन्त न्युन रु. ५,००,०००।— (अक्षेरेपि पाँचलाख) धरौटी वा जमानत माग गरि भएको आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

(ङ) प्रस्तुत मुद्दामा नेपाल नागरिक उड्डयन प्राधिकरणमा तत्कालिन उप प्रबन्धक पदमा कार्यरत रहेका यी प्रतिवादी नलविक्रम थापाको हकमा हेर्दा Preparation of Detailed Project report for Nalinchowk Heliport को परामर्शदाता Abhiyantra Consulting Pvt. Ltd. बाट सम्झौता बमोजिमको विस्तृत अध्ययन प्रतिवेदन पेश नै नगरे नगराएको अवस्थामा नलिन्चोक हेलिपोर्ट निर्माणको लागि मिति २०७८।१२।२८ गते यी प्रतिवादी नल विक्रम थापाले टिप्पणी पेश गरे गराएको देखिएको। उक्त टिप्पणी व्यहोरामा "उपरोक्त सम्बन्धमा चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा नलिन्चोकमा हेलिपोर्ट निर्माण कार्यसम्बन्धी उल्लेख नभएतापनि, त्रि.अ.वि.मा रहेको हेलिप्याडहरुमा ह्याङ्गर, एप्रोनको निर्माण कार्य गर्नको निमित्त खरिद प्रक्रिया बढेको हुनाले हेलिकप्टर अपरेसनलाई त्रि.अ.वि.बाट स्थानान्तरण गर्न पर्ने अत्यावश्यक देखि श्रीमान महानिर्देशक निर्देशानुसार नलिन्चोक भएको लोकेटर टावरलाई भत्काई हेलिपोर्ट निर्माण गर्नको निमित्त परामर्शदाता श्री अभियन्त्र कन्सल्टिङ प्रा.लि. बाट डिजाइन लागत अनुमान पेश हुन आएको व्यहोरा अनुरोध छ। उक्त स्थानमा AS-३५० वा सो सरहको हेलिकप्टरहरु उडान अवतरण गर्न सक्ने गरी rigid pavement डिजाइन गरिएको र २१ वटा हेलिकप्टर पार्किङग सहित चारवटा take-off, landing pad १४० मिटर air taxi route भएको व्यहोरा अनरोध छ। यस प्याकेजमा टर्मिनल भवन, फायर भवन नभएको कारणले डिजाइन ल.ई. तयार गरी नयाँ प्याकेज तयार गरी टेण्डर आह्वान गर्नुपर्ने व्यहोरा अनुरोध छ। यसरी पेश हुन आएको लागत अनुमान चेक जांच गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ को उपनियम (२) बमोजिम १.३९० मु.अ.कर, ४% contingency र १०% physical contingencies को लागि समेत रु.१७,५४,४५,३८९.०६ (अक्षरुपी सत्र करोड चौउन्न लाख पैतालीस हजार तीन सय उनान्नब्बे रुपैयाँ छ पैसा मात्र) कायम हुन आएकोले निम्न लिखित बुँदाहरु स्वीकृत हुन मनासिव देखि श्रीमान समक्ष आगे कारबाहीको लागि पेश गरेको छु।सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ५ (क) बमोजिमको विवरण र नियम १४ उपनियम (१) (घ) बमोजिमको लागत अनुमान स्वीकृत हुनु पर्ने। सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको Standard Bidding Document, NCB above 20 Million, Single Stage Two Envelope प्रयोग गरी तयार गरिएको Bidding Document, Specifications स्वीकृत हुनु पर्ने। यस कार्यक्रम वहुवर्षीय आयोजनाको रुपमा स्वीकृत हुनुपर्ने र आगामी आ.व मा समेत निरन्तर हुने हुनाले आगामी आ.व.मा बजेट व्यवस्था हुन स्वीकृत हुनु पर्ने भन्ने" व्यहोराको टिप्पणी पेश गरे गराएकोमा सोही प्राधिकरणका निर्देशक मुरारी भण्डारीले उक्त टिप्पणी बमोजिम स्वीकृत हुन मनासिव देखी पेश गरेको छु भनी महानिर्देशक समक्ष पेश गरे गराएकोमा महानिर्देशक प्रदीप अधिकारीबाट सोही दिन मिति २०७८/१२/२८ गते स्वीकृत गरेको देखिएको। यी प्रतिवादी नलविक्रम थापा, मुरारी भण्डारी र प्रदिप अधिकारी समेतले आफ्नो पद, अधिकार वा जिम्मेवारीको गलत तरिकाले प्रयोग गरि अर्थात ओहदाको दुरुपयोग गरी (Abuse of Function), सार्वजनिक संस्था, नेपाल नागरिक उडडयन प्राधिकरणलाई हानी नोक्सानी पुर्याउने उदेश्यले आपसमा मिलेमतो (Collusion) गरि सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३, दफा ४, दफा ५क र दफा ६ र

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४, नियम ८ को प्रतिकुल हुने गरि हेलिपोर्ट निर्माणको लागी टिप्पणी तयार गरी पेश गरेको, पेश नै नभएको DPR पेश भएको भनि झुट्टा बिवरण उल्लेख गरी लागत अनुमान स्वीकृत गराएको, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम स्रोत सुनिश्चित नभइ खरिद कार्य अगाडी बढाएको, बोलपत्रको प्रक्रिया अगाडी बढाएको, खरिद गुरुयोजना स्वीकृत नभई खरिद कार्य अगाडी बढाएको, हेलिपोर्ट निर्माणको लागी मिति २०७९/०१/३० गते प्रकाशित सुचना अनुसार प्राप्त बोलपत्रहरूको मुल्याङ्कन गरि मिति २०७९/०३/१३ मा मुल्याङ्कन प्रतिवेदन पेश गरेको, मुल्याङ्कन समितिको अध्यक्ष निज प्रतिवादी नलविक्रम थापा नै रहेको, निजको अध्यक्षता मुल्यांकन समेतिले uma and kali jv छनौट गरेको, मिति २०७९/०३/१४ गते बोलपत्रदाता uma and kali jv लाई आशय पत्र दिएको, उक्त बोलपत्रदाता uma and kali jv सँग सम्झौता प्रक्रिया अगाडी बढाउनको लागी मिति २०७९/०३/ २२ गते टिप्पणी तयार गरि निर्देशक समक्ष पेश गरेको देखिएको, उल्लेखित कार्य सम्पन्न हुन्जेल सम्म पनि बजेट स्वीकृति भएको नदेखिएको तथा परामर्शदाता अभियन्त्र कन्सल्टेन्सीबाट DPR समेत पेश भएको नदेखिएको, DPR को हकमा आधिकारीक प्रतिनिधि अभियन्त्र कन्सल्टेन्सी वा निजले प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरूसँग छलफल गर्नु पर्नेमा अनाधिकृत व्यक्ति गुरुदत्त सँग नियमित छलफलमा रहेको देखिएको,(निज नलबिक्रम थापाले अनुसन्धानको बयानमा खुलाएको देखिएको) तथ्य पुष्टि हुन आएकोले यी प्रतिवादी नलविक्रम थापाले अन्य प्रतिवादीहरू मुरारी भन्डारी र प्रदीप अधिकारी समेतसँग बदनियतपुर्ण मिलेमतो गरि हेलिपोर्ट निर्माणको लागी उपयुक्त नदेखिएको स्थान नलिन्चोकमा हेलिपोर्ट निर्माण तथा खरिदको प्रक्रिया अगाडी बढाई तथा विभिन्न निर्णयहरु समेत गरि गराई नेपाल नागरिक उडडयन प्राधिकरणलाई रु.१३,५७,४६,२१३।७७ (अक्षेरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा मात्र) बराबर रकम हानि नोक्सानि पुर्याएको तथ्य मिसिल संलग्न तत्काल प्राप्त प्रमाणवाट स्थापित भई रहेको अवस्था देखिदा देखिदै सो प्रमाणको विवेचना नगरि केवल अन्तिम निर्णय कर्ताको रुपमा नभई तहगतरुपमा निर्णय गरेको आधार लिई निज उपर मागदावी गरिएको विगोको तुलनामा अत्यन्त न्युन रु २,५०,०००।- मात्र धरौटी वा जमानत माग गरि भएको आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

(च) नेपाल नागरिक उड्डयन प्राधिकरणले Preparation of Detailed Project Report of Nalinchowk Heliport सम्बन्धी परामर्श सेवाको क्रममा नै परामर्शदाताबाट अन्तिम प्रतिवेदन पेश हुनु अगावै यी प्रतिवादी मुरारी भण्डारी समेतको मिलेमतो तथा योजनामा परामर्शदातावाट अन्तिम प्रतिवेदन प्राप्त गरेको भनी झुट्टा व्यहोरा विवरण सहितको कागजात तयारी गरी गराई मिति २०७८।१२।२८ मा परामर्शदाता अभियन्त्र कन्सल्टिङ प्रा.लि.बाट डिजाइन लागत अनुमान पेश भएको व्यहोरा उल्लेख गरी टर्मिनल भवन, फायर भवन लगायतका संरचनाको नयाँ प्याकेजमा तयार गरी टेण्डर आव्हान गर्नुपर्ने भन्ने समेत व्यहोरा उल्लेख गरि उक्त आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत गरी १३ प्रतिशत मूल्य अभिवृद्धि कर, ४ प्रतिशत कन्टिन्जेन्सी र १० प्रतिशत फिजिकल कन्टिन्जेन्सीको लागि समेत जम्मा रु १७,५४,४५,३८९।०६ (सत्र करोड चवन्न लाख पैतालीस हजार तिन सय उनान्नब्बे रुपैया छ पैसा) बराबरको लागत अनुमान तयार गरी गराई प्रतिवादी नल विक्रम थापा टिप्पणी पेश गर्ने, यी प्रतिवादी

मुरारी भन्डारीले राय सहित स्विकृतिको लागी महानिर्देशक समक्ष पेश गर्ने र तत्कालिन महानिर्देशक प्रतिवादी प्रदीप अधिकारीले  स्वीकृत गरे गराएको देखिएको। सोही निर्णय बमोजिम मिति २०७९।०१।३० गतेको The Rising Nepal राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकासन गरी Construction of Heliport at Nalinchowk (Contract Identification Number: CAAN/AED/Nalinchowk/Heliport/०७८-७९/७) निर्माण कार्यको लागि बोलपत्र आव्हान गरे गराएको देखिएको देखिएको। उक्त अवधी सम्म नलिन्चोक हेलिपोर्ट निर्माणको अति आवश्यक निर्माण कार्यहरु टर्मिनल भवन, फायर भवन लगायतका संरचना एवं अन्य प्याकेजमा ठेक्का लगाउने विषय परामर्शदाताबाट पेश भएको प्रतिवेदनमा कहिकतै उल्लेख भएको देखिँदैन। तत्पश्चात प्राप्त बोलपत्रको मुल्यांकन समेत सम्पन्न गरी मिति २०७९।०३।१३ मा प्रतिवादी नलविक्रम थापा संयोजक रहेको मूल्यांकन समितिले प्रतिवेदन पेश गरे गराएको देखिएको। उक्त समयसम्म पनि नलिन्चोकमा हेलिपोर्ट निर्माण गर्ने सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ६ (क) बमोजिम नेपाल सरकारबाट पूर्व स्वीकृति लिनुपर्नेमा कुनै पनि स्वीकृति/सहमति लिएको देखिँदैन भने संचालक समितिबाट उक्त आयोजनाको लागि आवश्यक बजेट व्यवस्थापन समेत भएको देखिँदैन। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्नु हुदैन भन्ने उल्लेख रहेकोमा सो व्यवस्था समेतको बेवास्ता गरी आवश्यक बजेट समेत व्यवस्था नहुदै नलिन्चोक हेलिपोर्ट निर्माण सम्बन्धी कार्यको खरिद मूल्याङ्कन समितिवाट मूल्याङ्कन भई ठेक्काको कार्य गर्ने बोलपत्रदाता छनोट गरी आशयको सूचना निकाल्ने सम्मको काम कारबाही भई सकेको देखिएवाट यी प्रतिवादीहरूले कानुन अनुसार गर्नुपर्ने वातावरणीय अध्ययन नगरी नगराइ, सरोकारवालाहरुसँग आवश्यक छलफल नगरी नगराइ, लाभ लागत विश्लेषण नगरी नगराई, व्यवसायिक उडानको सम्भाव्यताको अध्ययन/विश्लेषण नगरी नगराई, कानुन अनुसार सम्वन्धित निकायवाट लिनु पर्ने सहमति समेत नलिइ नलिन्चोक हेलिपोर्टको निर्माणको लागी माथि उल्लिखित कार्यहरु वोलपत्र मुल्यांकन समेतका कार्य समेतका कार्य गरेको देखिएको। यी प्रतिवादीहरूले मिति २०७८।१२।२८ मा परामर्शदाता अभियन्त्र कन्सल्टिङ प्रा.लि.बाट डिजाइन लागत अनुमान पेश गरेको भन्ने समेत व्यहोरा उल्लेख गरेतापनि उक्त परामर्शदाता अभियन्त्र कन्सल्टिङ प्रा.लि.ले मिति २०७९।०३।२४ गते मात्र डिजाइन, ड्रइङ्ग र लागत अनुमान पेश भई सोही मितिमा परामर्शदातालाई  रु.६,९९,४७०।०० भुक्तानी भएको देखिएवाट यी प्रतिवादी मुरारी भण्डारी समेतले डि.पी.आर रिपोर्ट पेश नहुदै बदनियतपुर्वक निर्माण खरिद कार्य प्रक्रियाको कार्य गरेको तथ्य स्थापित भई रहेको अवस्थामा सो तथ्यलाई नजरअन्दाज गरि मिशिल संलग्न तत्काल प्राप्त प्रारम्भिक प्रमाण (Prima Facie Evidence) वाट कसूरदार देखिएका यी प्रतिवादी मुरारी भण्डारी र नलविक्रम थापालाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा सामान्य धरौटी माग गरी भएको आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

(छ) नलिन्चोक हेलिपोर्टको Construction of Heliport at Nalinchowk (Contract Identification Number: CAAN/AED/Nalinchowk/Heliport/०७८-७९/७) सम्बन्धी कार्य सम्पन्न भएपश्चात हेलिपोर्ट सञ्चालनको सम्बन्धमा मिति २०८०।०४।११ को बैठकबाट गठन भएको कार्यदलले उक्त नलिन्चोक हेलिपोर्टको

स्थल आसपास विद्यालय र घरहरु अवस्थित रहेको, आवश्यक facilities जस्तै re-fuelling, security manpower/equipment लगायत important facilities नरहे भनी उल्लेख गरेको देखिएको। नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्राप्त कागजात हेर्दा नलिन्चोक हेलिपोर्टवाट मिति २१ जुन २०२४ देखि ०९ जुन २०२५ सम्ममा जम्मा १२ वटा हेलिकप्टर कम्पनीबाट ४६५ वटा उडान र ४११ वटा अवतरण गरेकोमा जम्मा ५८ जना यात्रुले उक्त हेलिपोर्टबाट प्रस्थान गरेको र जम्मा ६१ जना यात्रुले उक्त हेलिपोर्टमा आगमन गरेको देखिएबाट समेत उक्त नलिन्चोक हेलिपोर्टबाट व्यवसायिक उडान भइरहेको भन्ने देखिँदैन। साथै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हेलिकप्टरलाई रिलोकेट गर्नुपर्ने अवस्थामा अन्य विकल्पको छलफल र अध्ययन समेत भएको नदेखिएको र नलिन्चोक नै उत्तम, सुरक्षित र उपयुक्त स्थान रहेको भन्ने समेत कुनै अध्ययन भएको देखिँदैन। यसबाट समेत सार्वजनिक सम्पत्तिको दुरुपयोग गरी व्यवसायिक उडान सञ्चालन योग्य नरहेको असुरक्षित स्थानमा हेलिपोर्ट निर्माण गरी गराइ राष्ट्रसेवक यी प्रतिवादी मुरारी भण्डारी लगायत अन्य प्रतिवादीहरू समेतको मिलेमतो तथा योजनामा सार्वजनिक सम्पत्तिको हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य स्थापित भएको देखिदा देखिंदै सो प्रमाणलाई नजरअन्दाज गरि आरोप पत्रसाथ विशेष अदालतमा पेश भएका यि प्रतिवादी मुरारी भण्डारी र नलविक्रम थापा लाई थुनछेक आदेश सम्वन्धी सिद्धान्त तथा मान्यता विपरित गई धरौटी माग गरि भएको आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

(ज) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन प्राधिकरणका विमानस्थल सञ्चालन विभाग प्रमुख श्री सुभाष झाको संयोजकत्वमा गठित समितिले मिति २०८०।०८।२६ मा परीक्षण उडान समेत गरी मिति २०८० पुष ११ गते पेश गरेको प्रतिवेदनमा उक्त क्षेत्रमा करिव २०० मिटर सम्मको दुरीमा रहेका जग्गा वरपरको झन्डै ३००-४०० जति घरधुरी प्रभावित हुन सक्ने, जहाज सुरक्षामा कुनै पनि बखत खतरा निम्तिन सक्ने, हवाई सुरक्षाको दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने यात्रु चेकिङ्ग कक्ष लगायत सुरक्षाकर्मी बस्ने व्यारेक सुरक्षा डिउटि पोष्टहरुको व्यवस्था नरहेको, काठमाडौं टावरसँग विमानको सञ्चार सम्पर्कका लागि आवश्यक पूर्वाधारहरुको व्यवस्थापन हेतु छुट्टै भवन नरहेकोले व्यवस्थापनमा समस्या रहेको, मौसमी पूर्वाधारहरुको व्यवस्थापन नभएकोले भिजिविलिटी लगायत अन्य आवश्यक डाटा यकिन गर्न अप्ठेरो पर्ने, Re fueling को लागि छुट्टै व्यवस्था नभएको, अरनिको राजमार्गबाट हेलिपोर्ट सम्म पुग्ने बाटो साघुँरो रहेको, हेलिपोर्ट क्षेत्रमा उच्च भोल्टज क्षमताको विद्युत प्रसारण लाइन रहेकोले उडान सुरक्षामा गम्भिर चुनौती रहेको, उक्त स्थानमा हेलिकप्टर सञ्चालनका लागि अन्य पूर्वाधारहरु नभएकोले तत्कालै सञ्चालनमा ल्याउन नसकिने देखिएको लगायतका समस्याहरु उक्त प्रतिवेदनमा औल्याएको देखिएको। साथै संचालन अनुमति पाएका ११ वटा हेलिकप्टर अपरेटर कम्पनीमा कार्यरत ४७ जना पाइलटहरुले मिति २०८१।०३।१६ गते नेपाल नागरिक उड्डयन प्राधिकरणमा नलिन्चोक हेलिप्याडबाट गरिने उड्डयन सञ्चालनले महत्त्वपूर्ण सुरक्षा जोखिम सिर्जना भएको अवस्थामा पनि व्यवसायिक हेलिकप्टर संचालन गरियो भने निकट भविष्यमा भयानक दुर्घटना घट्न सक्ने देखिएकोले हेलिप्याडको स्थान र त्यहाँबाट गरिने उड्डयन सञ्चालनका कारण गम्भीर दुर्घटना हुन सक्ने विषयमा गम्भीर चासोको विषय रहि आएकोले तत्काल नलिन्चोक हेलिप्याडबाट व्यवसायिक रूपमा सञ्चालन गर्दा

पाइलट र यात्रुहरूको जीवनलाई यसले खतरामा पारेको भनी बिभिन्न Hazards and Risk बारेमा विवरण सहित निवेदन पेश गरिएको देखिएको। त्यसैगरी, हेलिकप्टर अपरेटरहरुले आफ्नो बिज्ञहरुको समूह बनाई Appendix-I & K" Process of Safety Risk Management for any Identified Hazard" Risk Assessment worksheet of SMS manual को आधारमा Safety Risk Management (SRM) प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदनमा नलिन्चोक हेलिपोर्टको Hazard and Risks रहेको भन्ने उल्लेख गरेको देखिएको।साथै प्राधिकरणका निर्देशक प्रभाकर चन्द्र मल्लिक समेत १४ जना बिज्ञहरुको समूहले हेलिकप्टर पाइलटहरुले हेलिपोर्ट जोखिम युक्त रहेको भनी दिएको निवेदन उपर छानविन गरी मिति २०८१।०४।३२ मा पेश गरेको प्रतिवेदनमा TIA भन्दा १५ कि.मी. पूर्वमा रहेको हेलिप्याड व्यवसायिक संचालनको लागि २०८१।०३।०७ मा खोलिएको र यसमा ४ Nos FATO and १३ no identified Parking क्षेत्रहरु छुट्याइएका तर यस हेलिप्याड क्षेत्रवाट हेलिपोर्टको सेवा दिन आवश्यक छुटै टर्मिनल भवन, मर्मत कार्यालय, Dispatch office, Crew briefing area, vehicle parking area, ground support equipment area, firefighting equipment, ATS facility, refueling facility , fuel storage area, maintenance facilities आदि निर्माण भइ नसकेको अवस्था रहेको उल्लेख गरी नलिन्चोक हेलिपोर्टबाट व्यवसायिक उडान सञ्चालनका लागि अहिलेको नै अवस्थामा संचालनमा आउन नसक्ने भनी प्रतिवेदनमा उल्लेख गरेको देखिएको। त्यस्तै, नलिन्चोक हेलिपोर्ट निर्माणको सम्वन्धमा इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पस मेकानिकल र एरोस्पेस इन्जिनियरिङ्ग विभागका विभागीय प्रमुख डा. सुदिप भट्टराईले यस आयोगमा पेश गर्नुभएको A Report on the Status and Operational Feasibility of Nalinchowk Heliport मा उक्त नलिन्चोक हेलिपोर्ट उद्देश्य अनुसार प्रयोग प्रचलन आउन नसक्ने भन्ने समेत व्यहोराको प्रतिवेदन दिएको देखिएको। त्यस्तै, सार्वजनिक खरिद परामर्श कार्यटोलीको संयोजक सहसचिव पद्म कुमार मैनाली, सि.डि.ई राजेश दास र उपसचिव सीता शर्मा पौडेलबाट नलिन्चोक हेलिपोर्ट निर्माणको सम्वन्धमा प्राप्त राय प्रतिकृया सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३, ICAO Standard लगायतको प्रचलित कानूनलाई अन्देखा गरी हेलिपोर्ट निर्माणको खरिद कार्य भएको देखिएको, उक्त हेलिपोर्ट संचालनमा ल्याउन भनेको नागरिकको जनधनको क्षती निम्त्याउनु हो भन्ने समेत व्यहोराको राय प्रतिवेदन दिएको देखिएको। साथै हवाइ सुरक्षा विज्ञ घनश्याम राज आचार्यले मिति २०८२।०७।२५ मा यस आयोगमा पेश गर्नुभएको नलिन्चोक हेलिपोर्ट निर्माण र सञ्चालन प्रक्रिया र मापदण्ड बारे राय प्रतिवेदनमा नलिन्चोक हेलिपोर्टको Safety risk assessment समेत हेर्दा हेलिकप्टर कम्पनी तथा हेलिकप्टर पाइलट समेतले दिएका Safety Risk Management (SRM) को अध्ययन तथा नलिन्चोक हेलिपोर्टको हालको अवस्थिति र अवस्था समेत अध्ययन गरी उक्त हेलिपोर्टबाट सुरक्षाको दृष्टिकोणबाट समेत व्यवसायिक रुपमा हेलिकप्टर सञ्चालन गर्न नसकिने, ICAO द्वारा प्रकाशित annex १४ volume II मा उल्लिखित सिद्धान्त र मापदण्ड बमोजिम सुरक्षा दृष्टिकोणबाट नलिन्चोक हेलिपोर्ट निर्माण नभएको, ICAO का प्रावधान लगायत नेपाल उड्डयन प्राधिकरणको सम्बन्धित कानुन समेतको आधारमा नलिन्चोक हेलिपोर्ट निर्माण सम्पन्न भए पश्चात संचालनको लागि नियामक निकायद्वारा प्रमाणिकरण हुनु पर्नेमा सो नगरेको, निर्माण भएको नलिन्चोक हेलिपोर्टको व्यवसायीक संचालनको सम्भाव्यता र समग्र उपादेयीताको पुष्टि हुन नसक्ने देखिएकोले कृत्रिम रुपमा सञ्चालन गर्न खोजेता पनि कुनै पनि बेला

दुर्घटनाको दृष्टिले प्रत्युपादक खतरा हुन सक्ने जोखिम व्याप्त रहेकोले यसको प्रयोगमाथि अविलम्ब रोक लगाउनु पर्ने भन्ने समेतको राय प्राप्त भएको देखिएको। सम्बन्धित बिद्यालयबाट बिद्यार्थीको स्वास्थ्य र पठनपाठनमा समस्या भएको, बिद्यार्थी संख्या क्रमशः घट्दो क्रममा रहेको भन्ने बेहोरा राय/प्रतिक्रिया प्राप्त भएको देखिएको । त्यस्तै, घनाबस्तीको बिचमा अनुपयुक्त स्थानमा निर्माण गरेको हेलिपोर्टले स्थानिय जनतालाई सुरक्षा खतरा देखिएको र सार्बजनिक सुनुवाई तथा बातावरणीय अध्ययन समेत नगरी निर्माण गरेको भनी स्थानीय बासिन्दाहरुले सर्जमिन मुचुल्कामा खुलाई दिएको देखिएको। माउन्टेन हेलिकप्टर प्रा.लि.का पाईलट शैलेन्द्र बस्नेत, नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन विज्ञ गुञ्जमान लामा, सिम्रिक एयर लि.का पाईलट सुरेन्द्र पौडेल, कैलाश हेलिकप्टर सर्भिसेसका पाईलट दिलिप बहादुर थापा, मनाङ हेलि प्रा.लि.का पाईलट खडक बहादुर बस्नेत, फिस्टेल एयरका पाइलट श्री रविन्द्र प्रजापति, श्री एयरलाईन्सका पाईलट निरन्जन कान्त सिलवाल, अन्नपूर्ण हेलिकप्टर प्रा.लि.का पाईलट राजेन्द्र दुवाल, अल्टिटिउड हेलिकप्टर प्रा.लि.का पाईलट आनन्द थापा, एभरेष्टका पाईलट कमल बुढा, हेलि एभरेष्ट प्रा.लि.को सेफ्टि म्यानेजर गिता श्रेष्ठ, प्रभु हेलिकप्टर्स प्रा.लि.को सेफ्टि म्यानेजर सानुराज बज्राचार्य, एयर डाइनास्टि हेलि सर्भिसको सेफ्टि म्यानेजर सूचीता श्रेष्ठ, मनाङ एयरका सेफ्टि म्यानेजर राजु न्यौपाने, अल्टिटयुट एयरका सेफ्टि म्यानेजर सुदिप श्रेष्ठ, फिस्टेल एयरका सेफ्टि म्यानेजर सुशिला के.सी. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय, नलिन्चोक हेलिपोर्टमा कार्यरत प्र.ज.रमेश श्रीमल, प्र.ह. दिनेश यादब प्र.स.नि.विश्वराम देउबन्जारसमेतले गरेको छुट्टाछुट्टै घटना विवरण कागज गर्दासमेत उक्त नलिन्चोक हेलीपोर्ट संचालनमा आउन नसक्ने भनी कागज गरेको समेतको माथि विवेचित आधार प्रमाणहरुवाट नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, तत्कालीन निर्देशक यी प्रतिवादी मुरारी भण्डारी, तत्कालीन उप-प्रवन्धक हाल प्रबन्धक नल विक्रम थापा, बरिष्ठ अधिकृत ई.सम्वृद्धि श्रेष्ठसमेतका राष्ट्रसेवक प्रतिवादीहरूले अन्य प्रतिवादीहरू गुरुदत्त अधिकारी, अभियन्त्र कन्सल्टिङ प्रा.लि. तथा उक्त कम्पनीका संचालक (म्यानेजिङ्ग डाइरेक्टर) विजय थापासमेत सँगको मिलेमतो तथा योजनामा माथि विवेचना गरिए बमोजिमको कार्य कसूर गरी नलिन्चोक हेलिपोर्ट निर्माणको उद्देश्य अनुरुपको प्रयोग प्रचलनमा आउन नसक्ने गरी निर्माण कार्य गरी गराई जम्मा रु.१३,५७,४६,२१३।७७ (अक्षेरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा मात्र) बराबर रकम राष्ट्रसेवक प्रतिवादीहरूले आफ्नो पद ओहोदाको दुरुपयोग गरी आफ्नो जिम्मामा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरण/सार्वजनिक संस्थाको सम्पत्तीको हानीनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य स्थापित भई रहेको देखिदा देखिदै हानी नोक्सानी भएको विगो रु.१३,५७,४६,२१३।७७ (अक्षेरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा मात्र) र हुन सक्ने सजायको तुलनामा यि प्रतिवादीद्धय मुरारी भण्डारी र नलविक्रम थापालाई सामान्य धरौटी माग गरि भएको थुनछेक आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

(झ) नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन निर्देशक मुरारी भण्डारी र तत्कालिन उप प्रवन्धक नलविक्रम थापाले अन्य प्रतिवादीहरूसमेत सँगको मिलेमतो तथा योजनामा हेलिपोर्ट जस्तो अति संवेदनशील संरचना निर्माण पूर्व अनिवार्य गर्नुपर्ने सम्भाव्यता अध्ययन, सरोकारवाला तथा विज्ञसँगको

परामर्श एवं सञ्चालक समितिमा छलफल समेत नगरी नगराई बदनियत राखी, वातावरणीय प्रभावको अध्ययन मूल्याङ्कन नगरी नगराई, ICAO Standard लगायतका प्रचलित कानूनलाई अन्देखा गरी गराई, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३, नेपाल नागरिक उड्डयन प्राधिकरण आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतको प्रचलित कानून बमोजिम सरकारी रकमको हिनामिना हानिनोक्सानी दुरुपयोग हुन नदिन उचित प्रबन्ध मिलाउनुपर्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था विपरीत, सम्झौता बमोजिमको विस्तृत अध्ययन प्रतिवेदन पेश नै नगरेको जानकारी हुँदा हुँदै, खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकार प्राप्त अधिकारीवाट स्वीकृत नै नगराई, नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेमा नेपाल सरकारलाई नै गुमराहमा राखी बदनियतपूर्वक प्राधिकरणको आफ्नो जिम्माको सरकारी सम्पत्ति अन्य प्रतिवादीहरूसँगको गैरकानूनी स्वार्थ पूरा गर्ने मिलेमतोमा आयोजना अगाडि बढाएको, उक्त आयोजना कार्यन्वयनमा आउन नसक्ने कुरा थाहा जानकारी हुँदा हुँदै, कानून बमोजिम अधिकार प्राप्त निकाय, समिति एवं सरकारबाट स्वीकृतनै नभएको तथा खरिद कार्यको लागत अनुमान, Bidding Document बदनियत पूर्वक स्वीकृत गरे गराए पश्चात खरिद गुरुयोजनाको मस्यौदालाई अगाडि सारी कसूरबाट उम्कन प्रतिरक्षाका लागि मात्र पेश गरे गराएको, वार्षिक बजेट सुनिश्चित नहुँदै अन्य प्रतिवादीहरूसँगको गैरकानूनी स्वार्थ पूरा गर्ने मिलेमतोमा आयोजना अगाडि बढाएको, यी प्रतिवादी नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्देशकको ओहदा सम्बन्धी कर्तव्य पालनका शिलशिलामा माथि उल्लिखित एवं विवेचित सवूद प्रमाण तथा कार्य कसूरका अलवा निज राष्ट्रसेवक मुरारी भण्डारी र नलविक्रम थापाले अन्य प्रतिवादीहरूसँगको गैरकानूनी स्वार्थ पूरा गर्ने मिलेमतोमा भौगोलिक, वातवरणीय, व्यवस्थापकीय सबै दृष्टिकोणबाट उक्त लगानी पूरा हानिनोक्सानी दुरुपयोग हुने कुराको पहिलेदेखि नै राम्रै हेक्का जानकारी निजलाई हुँदा हुँदै नलिन्चोक हेलिपोर्ट निर्माणको उद्देश्य अनुरुपको प्रयोग प्रचलनमा आउन नसक्ने गरी निर्माण कार्य गरी गराई जम्मा रु.१३,५७,४६,२१३।७७ (अक्षरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैयाँ सतहत्तर पैसा) बराबर रकम राष्ट्रसेवक प्रतिवादी मुरारी भण्डारी र नलविक्रम थापा समेतले आफ्नो पद ओहोदाको दुरुपयोग गरी आफ्नो जिम्मामा रहेको नेपाल सरकार/नेपाल नागरिक उड्डयन प्राधिकरण/सार्वजनिक संस्थाको आफ्नो जिम्माको सरकारी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य मिसिल संलग्न एवं सबुद प्रमाणबाट स्थापित भएका निज प्रतिवादी मुरारी भण्डारी र नलविक्रम थापाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्य भएको हुँदा निज प्रतिवादी मुरारी भण्डारी र नलविक्रम थापालाई बिगो रु.१३,५७,४६,२१३।७७ (अक्षरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदावी लिइएको छ। निज प्रतिवादी मुरारी भण्डारी उपर लिइएको आरोप दावीको कानुनी व्यवस्था हेर्दा

निजलाई ८ वर्षदेखि १० वर्षसम्म कैद सजाय हुन सक्ने र बिगो रु.१३,५७,४६,२१३।७७ (अक्षेरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा) असुल उपर गरी सोही बिगो बमोजिम जरिवाना समेत हुने देखिएको । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ मा ३ वर्षभन्दा बढी कैद सजाय हुन सक्ने मुद्दाका अभियुक्तलाई पुर्पक्षका लागि थुनामा नै राख्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था रहेको छ भने विशेष अदालत ऐन, २०५९ को दफा ७को देहाय (ङ) मा तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिब कारण भएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने भन्ने कानुनी व्यवस्था रहेको देखिएको । यसरी गम्भिर भ्रष्टाचारजन्य कसुरमा शुरू चरणदेखि नै संलग्न यि प्रतिवादी मुरारी भण्डारी र नलविक्रम थापालाई पुर्पक्षका लागि थुनामा राख्ने स्पष्ट कानुनी व्यवस्था हुँदा हुँदै फौजदारी मुद्दामा थुनछेक सम्वन्धी सिद्धान्त विपरीत निज प्रतिवादी मुरारी भण्डारीवाट रु. ५,००,०००।- (पाँच लाख) र प्रतिवादी नलविक्रम थापावाट रु.२,५०,०००।— (दुईलाख पचास हजार) नगद धरौट वा सो बराबरको बैंक जमानत लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी सुरु विशेष अदालतबाट भएको आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

(ञ) प्रतिवादी मुरारी भण्डारीले अदालत समक्ष बयान गर्दा, अनुसन्धान अधिकारी समक्ष आफूले गरेको बयान बेहोरा र सहीछाप स्वीकार गरेको देखिएको । निजले सवाल जबाफ ११ मा "कार्यक्रम तथा बजेट स्वीकृत वा अनुमोदित नहुँदै खरिद प्रक्रिया अगाडि बढेको तथ्यलाई स्वीकार गरेका छन् । आवश्यकताको सिद्धान्त अनुरुप त्रिभुवन विमानस्थलमा मौजुदा हेलीप्याड भएको स्थानमा Hanger apron निर्माण गर्न अन्तर्राष्ट्रिय बोलपत्रदाता निर्माणको प्रक्रिया अन्तिम अवस्थामा पुगेको र उक्त स्थान Hanger apron निर्माण गर्ने अन्तर्राष्ट्रिय कम्पनीलाई दिन नसकिने अवस्था आएमा ठेक्काको प्रावधान अनुसार क्षतिपूर्ति दिनुपर्ने अवस्था आउन सक्ने भएको हुँदा उक्त अवस्था आएमा प्राधिकरणले करौडौं रुपैया क्षतिपूर्ति बापत दिनुपर्ने भएकाले बजेट स्वीकृति हुनु अगावै समय बचत गर्ने नियतले खरिदको प्रक्रिया मिति २०७८।१२।२८ को महानिर्देशक प्रदिप अधिकारीको निर्णय बमोजिम अगाडि बढाएको हो । संचालक समितिबाट उक्त कार्यको लागि बजेट स्वीकृति भई आए पश्चात मात्र उक्त कार्यको ठेक्का सम्झौता गरिएको हो । यदि संचालक समितिबाट स्वीकृति नभई आएको खण्डमा उक्त खरिद प्रक्रिया रद्द गर्ने व्यवस्था अनुरुप गर्ने तयारी समेत रहेको" भन्ने समेतको बेहोरा लेखाएको देखिएको ।यसै गरि स.ज. १२ मा परामर्शदात्रीले सर्वेक्षण, Detail Design तथा Cost Estimate लगायतका कागजातहरु तयार गरि ड्राफट रिपोर्टको रुपमा मिति २०७८ चैत महिनामा पेस गरेको हो भन्ने समेत बेहोरा उल्लेख गरेको देखिदा मिति २०७८।१२।२८ सोही ड्राफट रिपोर्टको आधारमा खरिद प्रक्रिया अगाडी वढाएको देखिएको भने परामर्शदात्रीले सर्वेक्षण, Detail Design तथा Cost Estimate लगायतका रिपोर्ट मिति २०७९।०३।२४ मा मात्र प्राधिकरणमा दर्ता भएको समेत देखिएबाट प्रतिवादी मुरारी भन्डारी समेतले सार्वजनिक खरिद ऐन तथा नियमावली विपरित बजेट स्वीकृत नभई, फाईनल डि.पी.आर को फाईनल रिपोर्ट प्राप्त नहुदै खरिद प्रक्रिया अगाडि बढाई टिप्पणी आदेश कै भरमा ठेक्का सम्झौता गरिएको तथ्य स्थापित भई रहेको देखिदा निज प्रतिवादीले गरेको वयानलाई थुनछेकको क्रममा प्रमाण ऐन २०३१ को दफा ९ को देहाय (क)

बमोजिम प्रमाण ग्रहण गरि आदेश गर्नु पर्नेमा सो प्रमाणलाई अनदेखा गरी निज प्रतिवादी मुरारी भण्डारीलाई रु. ५,००,०००।— (पाँच लाख) धरौटी माग गरी विशेष अदालतबाट भएको आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

(ट) प्रतिवादी नलविक्रम थापाले अदालत समक्ष बयान गर्दा अनुसन्धानको क्रममा गरेको बयानमा भएको सहीछाप मेरो हो भनि स्वीकार गर्दै आफुले विभागिय प्रमुखको आदेश बमोजिमप्राप्त हुन आएको लागत अनुमान चेकजाँच गरि टिप्पणी उठाई पेश गरेको हुँ, उक्त परामर्शदाताको तर्फवाट April ६, २०२२ (चैत २३ ,२०७८) १२ :१८ pm मा गुरुदत्त अधिकारीले निजको इमेल er.adhikariguru@gmail.comवाट विभागिय प्रमुख मुरारी भण्डारीको ईमेल bhadarimurari123@gmail.com मा Design drawing र Estimate सहितको विस्तृत अध्ययन प्रतिवेदन पेश गरेको र सोको विधुतिय प्रतिलिपी आफुले प्राप्त गरेको अवस्थामा आफू भन्दा माथिल्लो अधिकारीको आदेशानुसार सो टिप्पणी उठाएको हो, मिति २०७८।१२।२८ गतेको टिप्पणी आदेशको व्यहोरा सही सत्य हो उक्त टिप्पणी लेख्न विभागिय प्रमुखले मौखिक रुपमा दिएको आदेश पालना गरेको हुँ भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिदा गुरुदत्त अधिकारीले निजको इमेल er.adhikariguru@gmail.comवाट यि प्रतिवादी नलविक्रम थापाले परामर्शदाता Abhiyantra Consulting Pvt. Ltd. का संचालक विजय थापा तथा उक्त परामर्शदाताले अनाधिकृत रुपमा Preparation of Detailed Project report for Nalinchowk Heliport निर्माणको काममा गैरकानूनी उपस्थिति रहेको गुरुदत्त अधिकारीसँगको मिलेमतो तथा योजनामा अपूरो तथा त्रुटिपूर्ण Preparation of Detailed Project report for Nalinchowk Heliport को प्रतिवेदन अनाधिकृत तथा गैरकानूनी तवरले प्राप्त गरे गराई सोही प्रतिवेदनसमेतलाई आधार लिई मिति २०७८।१२।२८ गते फाईनल Detailed Project report for Nalinchowk Heliport पेश नै नभएको अवस्थामा पेश भएको देखाई झुट्टा व्यहोरा टिप्पणी उल्लेख गरी गराई पूर्णरुपमा तयार नै नभएको Bidding Document, Specifications लगायतलाई नै स्वीकार गर्नु उक्त कार्य खरिदको सामान्य सिद्धान्त, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क. बमोजिम यि प्रतिवादीहरूले बदनियत राखि नलिन्चोक हेलिपोर्ट निर्माणको लागत अनुमान, Bidding Document, Specifications लगायतको स्वीकृत गरे गराएको तथ्य स्थापित भएको देखिएको। त्यसैगरी, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र नियम ८ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी गराई स्वीकृत गरेर मात्र खरिद प्रक्रियाको कार्य शुरु गर्नुपर्नेमा त्यसो नगरी प्रतिवादीहरूले जानी जानी बदनियत राखि उक्त कानूनी व्यवस्थाको स्पष्टतवरमा बर्खिलाप प्रतिकुल हुने गरी खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकारी प्राप्त अधिकारीवाट स्वीकृत नै नगराई हचुवाको भरमा खरिद प्रक्रिया अघि बढाउन टिप्पणी तयार गर्ने पेश गर्ने तथा स्वीकृति गराउने कार्यमा यी नलविक्रम थापा प्रत्यक्ष संलग्न रहेको तथ्य स्थापित भई रहेको देखिदा देखिदै उक्त बयान लगायतका प्रमाणहरुलाई नजरअन्दाज गरि सामान्य धरौटी माग गरि भएको आदेश आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

(ठ) थुनछेक आदेशका सन्दर्भमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) मा तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिव कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि निजलाइ थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने कानूनी ब्यवस्था

रहेको देखिएको भने विशेष प्रकृतिको कसूर भ्रष्टाचार मुद्दामा बिशेष प्रकृतिको कार्यबिधि नै पालना गर्नु पर्ने बिधायिकिय मनसाय रहेको देखिएको। उपरोक्त कानूनी ब्यवस्था अनुसार थुनछेक आदेश गर्दा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा; (Prima facie Evidence), प्रमाण ऐन २०३१ को दफा १८ र विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) मा उल्लेख भए अनुसार अधिकार प्राप्त अधिकारीले विधि सम्मत तरिकाले संकलन गरेका तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएमा वा कसूरदार हो भन्ने विश्वास गर्न सक्ने मनासिब आधार भएमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने हुन्छ। यस्ता गम्भिर प्रकृतिको अपराधमा केबल आर्थिक धरौटीको माध्यमबाट छाड्दै जाने हो भने यसले समाजमा गलत सन्देश जाने र बिधिको शासन कमजोर हुन्छ । समाज र राष्ट्रलाई गम्भीर असर पार्ने कसूरमा तत्काल प्रमाणबाट कसूरदार पुष्टि भएको अभियुक्तहरूलाई निर्दोषताको अनुमानका आधारमा छोड्दै जाने हो भने फौजदारी न्याय ब्यबस्था सञ्चालन हुन नसक्ने अवस्था पैदा हुन सक्छ। यसै सन्दर्भमा सम्मानित सर्बोच्च अदालतबाट "समाज र राष्ट्रलाई गम्भीर असर पार्ने फौजदारी कसूर गरेको आरोप लागी अदालत समक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट सो अबस्था पुष्टि भएका अभियुक्तहरूलाई निर्दोषिताको अनुमानको आडमा छाड्दै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न नसक्ने भनी ने.का.प २०६६ अंक ८ नि.नं. ८२०२ मा नजिर सिद्धान्त समेत प्रतिपादन भएको देखिंदा सार्वजनिक निकाय नेपाल नागरिक उडडयन प्राधिकरणलाई रु.१३,५७,४६,२१३।७७ (अक्षरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैयाँ सतहत्तर पैसा) नोक्सानी पुर्याउने यि प्रतिबादी मुरारी भण्डारी र नलविक्रम थापालाई निजहरु विरुद्धका उपरोक्त उल्लिखित तत्काल प्राप्त प्रमाणहरुलाई विश्लेषण गरी विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम पुर्पक्षको क्रममा थुनामा राखी मुद्दाको कारवाही हुनुपर्नेमा निज प्रतिवादी मुरारी भण्डारी र नलविक्रम थापालाई निज उपर मागदावी गरिएको विगो तथा हुन सक्ने सजायको तुलनामा अत्यन्त सामान्य धरौटी माग गरी भएको विशेष अदालतको उक्त आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

प्रवक्ता
सुरेश न्यौपाने